# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २१] काठमाडौं, मार्ग २७ गते २०२८ साल [संख्या ३३

श्री ५ को सरकार

### अर्थ मन्त्रालयको

### सूचना

बीमा (दोश्रो संशोधन) नियमहरू २०२८

बीमा नियमहरू २०२६ (यसपछि मूल नियमावली भनिएको) लाई संशोधन गर्न आवश्यक भएकोले बीमा ऐन २०२५ को दफा ३१ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले बीमा समितिको सल्लाह लिई देहायको नियमहरू बनाएको छ :–

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यी नियमहरूको नाम "बीमा (दोश्रो संशोधन) नियमहरू २०२८" रहेको छ ।

(२) यो नियमहरू तुरुन्त प्रारम्भ हुनेछन् ।

२. मूल नियमावलीको ८ मा संशोधनः– (१) मूल नियमावलीको नियम ८ को उपनियम (२) को सट्टा देहायको उपनियम (२) राखिएको छ ।

" (२) कुनै पनि बीमकले बीमा अभिकर्तालाई बीमालेख लिनेले बुझाउने प्रिमियमको रकममा देहायबमोजिमभन्दा बढी हुने गरी कमिशन दिन पाउने छैन–मात्र लागू हुनेछ।

(क) जीवन बीमामा २५ प्रतिशत, र

(ख) निर्जीवन बीमामा १५ प्रतिशत,"

(२) मूल नियमावलीको नियम ८ को उपनियम (२) पछि देहायको उपनियम (२क) थपिएको छ:–

"(२क) उपनियम (२) बमोजिमको कमिशनको अतिरिक्त बीमकले बीमा अभिकर्तालाई इन्सेन्टिम बोनस पनि दिन सक्नेछ।"

३. मूल नियमावलीमा थप:– मूल नियमावलीको नियम ८ पछि देहायको नियम ९ थपिएको छ:–

"९. बीमा अभिकर्ताको प्रमाणपत्र फिर्ता गर्नु पर्ने:– कुनै व्यक्ति बीमा अभिकर्ताबाट खारेज भएपछि निजले सो हैसियतले पाएको बीमा अभिकर्ताको प्रमाणपत्र सोझै वा सम्बन्धित बीमकमार्फत बीमा समितिमा फिर्ता गर्नु पर्नेछ।"

आज्ञाले–
हरिहरजंग थापा
श्री ५ को सरकारको का. मु. सचिव

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४६०४